# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं आषाढ १७ गते ०१ साल

## भाग ३

## सिभिल सप्लाइज विभागको

## सूचना

सरहद ४ भन्ज्याङभित्र पैठारी भएका कोटाको कपडामा यस विभागबाट कन्ट्रोल भन्ने छाप लगाइदिएपछि मात्र बिक्री वितरण गर्नू भन्ने सूचना प्रकाश भई सोबमोजिम गरिआए तापनि हाल अर्को सूचना प्रकाश नभएसम्म सो कन्ट्रोलको छाप लगाउनुपर्दैन । भन्सारको छाप र कायम भएको मूल्यसमेत थानैपिच्छे लगाउन लगाई अघि भएका सूचनाबमोजिम बिक्री वितरण गर्नू ।

डाइरेक्टर

सिभिल सप्लाइज विभाग.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

# सूचना

१९५२ सन् मार्चसम्मको इम्पोटर्सहरूले पैठारी गरेको र गर्नेसमेत कोटाको कपडामध्ये म्यादमा रिटेलरले नउठाएको कपडा तोकिएको जिल्लामा बिक्री हुन नसकी इम्पोटरले सरहदभित्र अरू जिल्लामा लान ल्याउन चाहेमा त्यसको लगत लाने जिल्लाका र ल्याउने जिल्लाका स्थानीय गढी गौंडा गोस्वारामा दिई जुनसुकै जिल्लामा कोटाको कपडा सरहदभित्र जुनसुकै जिल्ला इलाकामा लान ल्याउन पाउने भएकोले इम्पोटरहरूले सोबमोजिम गरी निर्धारित मोलमा नबढाई बिक्री बितरण गर्नु-होला ।

डाइरेक्टर,
सिभिल सप्लाइज विभाग.

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।